Volume 11, Issue 01, 2026. pp. 9–20
Research Article



# गण्डकी प्रदेश सरकारी कामकाजमा मगर भाषाको प्रयोग, सम्भाव्यता र भावी गन्तव्य

**लोकबहादुर लोप्चन, पि.एच्.डी.**
भाषाविद्

**लेखसार**

नेपालको पश्चिमी क्षेत्रलाई मगरात क्षेत्र समेत भन्ने गरेको पाइन्छ। राष्ट्रिय जनगणना, २०७८ का अनुसार मगर जातिको जनसङ्ख्या तेस्रो स्थानमा रहेको छ तर मगर भाषिक वक्ताका आधारमा हेर्दा नवौँ स्थानमा पर्दछ। मगर जातिको कुल जनसङ्ख्या ६.९० प्रतिशत रहेको छ जसमा भाषिक वक्ताको प्रतिशत ४४.८६ प्रतिशत मात्र छ भने भाषिक अपसरण ५५.१३ प्रतिशत देखिन्छ। नेपालमा मातृभाषी वक्ताहरूमध्ये मगरभाषी वक्ताले मगर भाषाको सट्टा नेपाली भाषा वा अन्य मातृभाषा बोल्ने गरेको पाइन्छ। मगर भाषाका क्षेत्रीय भेदहरूमध्ये मगर ढुट भाषाको स्तरगत र संरचनात्मक विकासको स्थिति अन्यका तुलनामा उच्च रहेको छ। मगर काइके भाषा मौखिक स्वरूपमा जीवित रहेको पाइन्छ भने मगर खाम भाषा लेख्यउन्मुख र संरचात्मक विकासतर्फ अग्रसर भएको पाइन्छ। गण्डकी प्रदेशमा मगर भाषाको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनले यस भाषाको प्रयोग विस्तारको सम्भावना मात्र बढेको छैन, यस भाषाले प्रदेश सरकारी कामकाजको भाषाको मान्यता प्राप्त गरेको छ तर मगर भाषाको सरकारी कामकाजमा प्रयोग चुनौतीविहीन छैन। मगर भाषाको सरकारी कामकाजमा प्रयोगका क्रममा यसका क्षेत्रीय भेदहरू र लिपि समेतको पहिचान गरी प्रयोग गर्ने क्रममा समस्याहरू आइपर्छन्। खास गरी मगर भाषाको पुस्तान्तरण पक्ष कमजोर हुँदा भाषिक अपसरणको बढ्दो मात्राले यस भाषाको सङ्कटतर्फको अवस्थालाई ईङगित गर्दछ।

*मुख्य शब्दावली* : भाषा पुस्तान्तरण, अपसरण, सरकारी कामकाजको भाषा, मातृभाषा शिक्षा, भाषिक बफादारिता

***Article History***
Received: 2025 October 16
Accepted: 2025 December 18

***Email***
lopchan2073@gmail.com

***Cite***
Lopchan, L. B. (2026). गण्डकी प्रदेश सरकारी कामकाजमा मगर भाषाको प्रयोग, सम्भाव्यता र भावी गन्तव्य. *Shodhmala (शोधमाला), 11*(1), 9–20.

## विषय परिचय

भाषा जीवन हो, जीवन नै भाषा हो (अधिकारी, हेमाङ्गराज, २०७४)। सामान्यतया भाषा भाव वा विचारको सम्प्रेषणको माध्यम हो तर भाषालाई संस्कृतिको संवाहक, जातीय पहिचान र जीवन्तताको आधार मानिन्छ। आहुतिका अनुसार पहिलो, भाषा मानिसको सोच्ने यन्त्र हो। दोस्रो, भाषा कुनै पनि जातिको अथाह ज्ञान, सिप र प्रविधिको भण्डार हो। तेस्रोमा भाषा सञ्चारको माध्यम हो। यसरी भाषा सञ्चार र सम्प्रेषणको माध्यममा मात्र सीमित नरही मानव जातिको सोच निर्माण गर्ने यन्त्र हो। पुस्तैनी अथाह ज्ञान परम्पराको भण्डारण मातृभाषामै हुने गर्दछ। त्यसैले भाषा हरेक जातिको अस्तित्वको परिचायक हो किनभने भाषा नरहे जाति रहँदैन। अझ अवस्थीका अनुसार भाषा नरहे देश रहँदैन।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतियुक्त विविध प्राकृतिक विविधताले ओतप्रोत मुलुक हो। विविध जाति, भाषा, कला, संस्कृति,


Copyright©2026: Magar Studies Center

प्रकृतिको अपूर्व सङ्गमथलोका रूपमा चिनिँदै आएको छ । नेपालको राष्ट्रिय जनगणना, (२०७८) का अनुसार यहाँ १४२ जातजाति, १२४ भाषा र १० धार्मिक सम्प्रदायहरू छन् । नेपालको संविधानको धारा ६ मा नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्रभाषाको मान्यता प्रदान गरिएको छ । संविधानको धारा ७ मा प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने एकभन्दा बढी भाषालाई प्रदेश ऐनबमोजिम प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गरी कार्यान्वयन गर्न सकिने संवैधानिक प्रावधान छ। उपधारा ३ मा भाषासम्बन्धी अन्य कार्य भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने उल्लेख छ । त्यसै गरी संविधानको धारा ३१ को उपधारा ५ मा हरेक बालबालिकाले मातृभाषामा शिक्षा पाउने मौलिक हकको व्यवस्था छ भने धारा ३२ मा हरेक समुदायलाई आफ्नो भाषा, संस्कृति र लिपि समेतको संरक्षण र संवर्धनको अधिकार प्रदान गरिएको छ।

भाषासम्बन्धी संवैधानिक प्रावधानहरूको अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नको लागि धारा २८७ बमोजिम वि.सं. २०७३ भदौ २३ मा भाषा आयोगको स्थापना भएकोमा आयोगले संवैधानिक दायित्व पूरा गर्ने क्रममा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) र पूरक सिफारिस (२०८०) नेपाल सरकारसमक्ष पेस गरिसकेको छ। आयोगकै सिफारिस कार्यान्वयनको क्रममा बागमती प्रदेशमा प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० पारित भई तामाङ भाषा र नेपालभाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन भएको छ । त्यसैगरी गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषा ऐन, २०८२ पारित भएसँगै मगर र गुरुङ भाषाले यस प्रदेशको सरकारी कामकाजको भाषाको मान्यता प्राप्त गरेको छ भने प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषाहरूको संरक्षण र विकासका लागि कानुनी प्रबन्ध भई कार्यक्रमहरू तय भएको पाइन्छ । यसरी नेपालमा तामाङ, नेपालभाषा, मगर र गुरुङ गरी ४ वटा भाषाहरू सरकारी कामकाजका भाषाका रूपमा लागू भएका छन्। यस अध्ययनका समस्या कथन, उद्देश्य, अनुसन्धान विधि र सीमालाई तल उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ

## समस्या कथन

सरकारी कामकाजको भाषाका रूपमा मगर भाषाका कुन कुन क्षेत्रीय भेदहरू गण्डकी प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहमा कार्यान्वयनयोग्य छन् भन्ने मूल प्रश्नमा वा समस्यामा यो अध्ययन केन्द्रित छ । साथै मगर भाषाका क्षेत्रीय भेदहरूको संरचनात्मक र स्तरगत विकासको अवस्था के कस्तो छ ? भन्ने सहायक विषयमा जोड दिइएको छ । त्यसै गरी यस प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कुन कुन स्थानीय तहमा ती भाषाहरूलाई स्थान र सम्मान प्रदान गर्न सकिन्छ भन्ने विषय पनि यस अध्ययनको विषयको रूपमा रहेको छ।

## अध्ययनका उद्देश्यहरु

यस अध्ययनको मुख्य उद्देश्य गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा मगर भाषाको प्रयोग सम्भाव्यतालाई पहिचान गरी सुझाव दिनु हो । यसमा नेपालको राष्ट्रिय जनगणना, २०७८ को भाषिक तथ्याङ्कको विश्लेषणको आधारमा विभिन्न जिल्ला र स्थानीय तहहरूमा मगर भाषाका क्षेत्रीय भेदहरूको प्रयोग सम्भाव्यताको वस्तुस्थिति पहिचान गर्नु हो । त्यसै गरी यस भाषाका क्षेत्रीय भेदहरूको स्तरगत र संरचनात्मक विकासको अवस्था पहिल्याउनु रहेको छ । यसका अतिरिक्त प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषाहरूको समेत स्थानीय तहमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोगसम्बन्धी सम्भाव्य स्थान वा क्षेत्रहरूको पहिचान गरेर सम्प्रेषण गर्नु हो।

## अध्ययन विधि र सीमाङ्कन

यस अध्ययनमा राष्ट्रिय जनगणना, २०७८ को मगर भाषासम्बन्धी तथ्याङ्कलाई परिमाणात्मक र गुणात्मक रूपमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । त्यसैले यो अध्ययन द्वितीयक सामग्रीको अध्ययन र विश्लेषणमा आधारित छ। त्यसै गरी गण्डकी प्रदेशका

स्थानीय तहहरूमा मगर भाषाको कुन क्षेत्रीय भेद (मगर ढुट र मगर खाम) सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ वा सकिँदैन भन्ने विषयमा आधारित भई भाषिक वक्ताको आधारमा नेपाली भाषाबाहेक मगर भाषा बोल्ने वक्ताको बाहुल्यताको आधारमा पहिलोदेखि तेस्रो शीर्ष क्रममा रहेका स्थानीय तहहरूको विवरणलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ । साथै यस भाषाका क्षेत्रीय भेदहरूको स्तरगत र संरचनात्मक विकासको स्थितिलाई पनि द्वितीयक स्रोतमा नै आधारित भई प्रस्तुत गरिएको छ । तथापि मगर काइके भाषाको प्रयोग सम्भाव्यतालाई गण्डकी प्रदेशमा मात्र सीमित नरही कर्णाली प्रदेशको डोल्पा जिल्लाका स्थानीय तहमा प्रयोगयोग्य देखिएकाले उक्त स्थानीय तहहरूको समेत पहिचान गरिएको छ ।तथापि स्थलगत अध्ययन र सूचना सङ्कलन गरेर मामला विश्लेषण गर्न नसकिनु यस अध्ययनको सीमा बन्न पुगेको छ।

**मगर जाति र मगर भाषा परिचय**

मगर जातिको बसोबास र भाषाको स्तरगत र संरचानात्मक विकाससम्बन्धी विवरण तल विभिन्न उपशीर्षकहरूमा चर्चा गरिएको छः

**मगर जाति र बसोबास**

शर्मा (२०४५, पृ. ३०५) का अनुसार मगरहरूको मूलथलो पशचिमी नेपाल हो । उनीहरू बसोबास गर्ने मूल थलोलाई मगरात भनिन्थ्यो जुन कालीगण्डकी भन्दा पशचिम, कर्णालीभन्दा पूर्व र चुरे पर्वत शृङ्खलाभन्दा उत्तरी र हिमपात हुने हिमाली क्षेत्रभन्दा दक्षिणी क्षेत्रमा पर्दछ। विष्ट (२०१५,पृ.६७) ले चिनियाँ तिब्बती परिवारको भाषा बोल्ने तर मङ्गोलियन शारीरिक बनावट भएका एक जाति भनी चर्चा गरेका छन्। उनले मगरहरू पशचिमी नेपालमा तराईदेखि हिमाली क्षेत्रमा समेत बसोबास गर्ने र उनीहरूको बसोबास थलोलाई बाह्र मगरात भनिने गरिएको उल्लेख गरेका छन् । उनका अनुसार बाह्र मगरातका तत्कालीन लुम्बिनी, राप्ती र भेरी अञ्चलअन्तर्गत पाल्पा, अर्घाखाँची, गुल्मी, स्याङ्जा, कास्की, पर्वत, डोल्पा, म्याग्दी, रूकुम, रोल्पा, प्यूठान, सल्यान, दैलेख, जाजरकोट जिल्लामा मगर जातिको बसोबास रहेको पाइन्छ। वर्तमानमा देशका ७७ जिल्लामा यस जातिको बसोबास रहेको पाइन्छ । नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार मगर जातिको कुल जनसङ्ख्या २०,१३,४९८ (६.९० प्रतिशत) रहेको छ। यसरी मगर जाति नेपालका जातिहरूमध्ये तेस्रो ठूलो जातिमा पर्दछ।

**मगर भाषा र क्षेत्रीय भेदहरू**

मगर भाषाका तीनवटा क्षेत्रीय भेदहरूमा मगर ढुट, मगर खाम र मगर काइके हुन् (थापा, २०७०, पृ.१)। योञ्जन तामाङ (२०८२, पृ.१९–१९२) का अनुसार मगर जातिमा बोलिने मगर काइके, मगर खाम र मगर ढुट गरी तीनवटा भाषिक भेदहरू छन् । मगर काइके कर्णाली प्रदेशको डोल्पा जिल्लाको काइके गाउँपालिकाको सहरतारा, तुपतारा र बेलवा गरी चारवटा गाउँमा बोलिन्छ । यस भाषालाई तराली मगर, काइके मगर नामले पनि चिनिन्छ। राष्ट्रिय जनगणना, २०७८ का अनुसार यस भाषाको वक्ता सङ्ख्या १२२५ मा सीमित छन्।

त्यसै गरी मगर खाम भाषालाई स्थानीयस्तरमा गमाले खाम, तकाले खाम, पर्वतै खाम, सेसी खाम र खाम भाषा समेत भनिने गरिएको पाइन्छ। लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरूमा मगर खाम भाषा बोलिने भए तापनि रोल्पा, रूकुम जिल्लामा मगर खाम बोल्ने वक्ताको सङ्ख्या उच्च देखिन्छ। नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार मगर खाम भाषा बोल्ने वक्ता सङ्ख्या ९१,७५३ देखिन्छ जुन कुल वक्ता सङ्ख्याको ०.३१ प्रतिशत हुन आउँछ। त्यसै गरी मगर ढुट भाषालाई मगर कुराका नामले समेत चिनिन्छ। पहाडी क्षेत्रका पाल्पा, स्याङ्जा, तनहुँ, नवलपरासी, उदयपुर र नेपालका विभिन्न जिल्लाहरूमा मगर ढुट भाषा बोलिने गरेको पाइन्छ । नेपाल राष्ट्रिय जनगणना, २०७८ काअनुसार मगर ढुट भाषाको वक्ता सङ्ख्या ८,१०,३१५ रहेको छ यसरी ढुट मगर भाषाको स्थान नवौं स्थानमा रहेको छ जबकि मगर जाति जनसङ्ख्याको हिसाबले तेस्रो स्थानमा पर्दछ।

राष्ट्रिय जनगणना, २०७८ का अनुसार मगर जातिमा कुल ९,०३,२९३ (४४.८६ प्रतिशत) जना वक्ता मात्र

मातृभाषी वक्ता छन्। यस आधारमा मगर जातिमा भाषिक बफादारिता ४४.८६ प्रतिशत मा सीमित हुन पुगेको देखिन्छ। मगर जातिमा ११,१०,२०५ (५५.१३ प्रतिशत) जनाले आफ्नो मातृभाषा बोल्दैनन्। यसरी मगर भाषाको अपसरण वा मगर भाषा नबोलेर नेपाली भाषा वा अन्य भाषा बोल्नेको सङ्ख्या बढोत्तरी हुँदै गएको प्रस्टिन्छ। अझ यसलाई नाति वा तेस्रो पुस्तामा भाषिक पुस्तान्तरण भएनभएको आधारमा विश्लेषण गर्ने हो भने अर्को तथ्य उजागर हुने देखिन्छ किनकि नेपालका मातृभाषाहरूको तेस्रो पुस्तासम्म कमै मात्रमा पुस्तान्तरण भएको अध्ययन अनुसन्धानहरूको तथ्याङ्क रहेको छ।

**तालिका १**

*मगर भाषाका क्षेत्रीय भेदहरूको विकास र प्रयोग स्थिति*

| क्र.सं. | मगर भाषा | मानक निर्धारण | वर्णपहिचान | लेख्य परम्परा | लिपि | शब्दकोश | व्याकरण | साहित्य | प्रविधिको प्रयोग | प्रयोग |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मगर ढुट | मानक लेखन उन्मुख | वर्ण पहिचान र निर्धारण भएको | लेख्य पद्धति भएको | देवनागरी र अख्खा | शब्दकोश प्रकाशित | व्याकरण प्रकाशित | विधागत साहित्य लेखन, लोकवार्ता | युट्युब र सामाजिक सञ्जाल | जीवन परम्परा, शिक्षा र सञ्चारमा प्रयोग |
| २. | मगर खाम | मानक लेखन उन्मुख | वर्ण पहिचान र निर्धारण भएको | लेख्य पद्धति भएको | देवनागरी लिपि | शब्दकोश प्रकाशित | व्याकरण प्रकाशित | विधागत साहित्य लेखन, लोकवार्ता | युट्युब र सामाजिक सञ्जाल | जीवन परम्परा, शिक्षा र सञ्चारमा प्रयोग |
| ३. | मगर काइके | अलिखित भाषा | वर्ण पहिचान र निर्धारण भएको | मौखिक परम्परामा सीमित | देवनागरी लिपि | शब्दकोश नभएको | व्याकरण नभएको | लोकवार्ता सङ्कलित | प्रविधिसँग नजोडिएको | शिक्षा र सञ्चार सँग जोड्न बाँकी |

**मगर भाषाका क्षेत्रीय भेदहरूको संरचनात्मक अवस्थाको विश्लेषण**

उल्लिखित तालिका १ मा मगर भाषाका तीनवाट क्षेत्रीय भेदहरू जस्तो मगर ढुट, मगर खाम र मगर काइके भाषाका विकासात्मक स्थिति र प्रयोग स्थितिको तुलना गरिएको छ। यसमा विकासात्मक स्थितिको तुलना गर्न संरचनात्मक पक्षहरूमा वर्ण निर्धारण, लेख्य पद्धति, मानक निर्धारण, लिपि, शब्दकोश र व्याकरण लेखन भई प्रकाशन भएनभएको तथ्यमा आधारित भई सोको विवरण तालिकामा प्रस्तुत गरिएको छ। यस आधारमा हेर्दा मगर ढुट भाषामा लेख्य पद्धति रहेको पाइन्छ भने मानक निर्धारण हुने क्रममा रहेको पाइन्छ। यस भाषामा शब्दकोश र व्याकरण लेखन भई प्रकाशित भएको देखिन्छ। त्यसै गरी मौखिक साहित्यतर्फ लोकवार्ता सङ्कलन, लोकजीवन परम्परामा जीवन्त रहेका गीत, सङ्गीत, लोककथा, गाथाहरू रहेतको पाइन्छन्। लिखित साहित्यतर्फ भने कथा, कविता, नाटक, उपन्यास, काव्यजस्ता कृतिहरू लेखन र प्रकाशित भएको देखिन्छ। यस भाषाको लेखनमा देवनागरी र अख्खा लिपि

गरी दुवै लिपिहरूको कार्य विशेष र प्रयोगवश फरक सन्दर्भमा फरकफरक लिपिको प्रयोग भएको पाइन्छ।

मगर खाम भाषामा वर्ण निर्धारण र पहिचान कार्य सम्पन्न भई लेख्य पद्धितउन्मुख भाषामा दरिन पुगेको छ। यस भाषामा शब्दकोश र व्याकरण लेखन र प्रकाशित भएको पाइन्छ। त्यसैगरी मौखिक साहित्यतर्फ लोकवार्ताअन्तर्गत लोककथा, गाथा, लोकसङ्गीत, नाच र अन्य मिथकहरू पाइएका छन्। साथै विधागत साहित्यतर्फ कथा, कविता, नाटक, काव्यहरूको सिर्जना भई प्रकाशित भएको देखिन्छ। यस भाषाको लेखनमा भने देवनागरी लिपिको प्रयोग भएको पाइन्छ। मगर काइके भाषामा वक्ता जसरी सीमित छन्, त्यसरी नै लेख्य पद्धतिको विकास भएको पाइँदैन। त्यसैले मगर काइके भाषा मौखिक पद्धतिमा सीमित रहेको पाइन्छ। हुनत यस भाषाको वर्ण निर्धारण भई विद्यावारिधिसम्मको अध्ययन अनुसन्धानमा जोडिएको पाइन्छ तथापि यस भाषामा शब्दकोश, व्याकरण र विधागत साहित्य सिर्जना भएको देखिँदैन।

## मगर भाषाको प्रयोगात्मक पक्षहरूको विश्लेषण

यस अध्ययनमा मगर भाषाको प्रयोगमा मगर समुदायको जीवन पद्धतिअन्तर्गत उनीहरूको जीवन परम्परा, संस्कार, संस्कृतिमा प्रयोग भएनभएको एवम् सरकारी कामकाजमा प्रयोगअन्तर्गत शिक्षा, सञ्चार र प्रदेश सरकारी कामकाजमा प्रयोगको स्थितिलाई हेरिएको छ। त्यसै गरी भाषा र प्रविधिअन्तर्गत यस भाषाको युनिकोडीकरण, अन्तर्भाषिक अनुवाद र सामाजिक सञ्जालमा प्रयोग स्थितिमा आधारित भई मूल्याङ्कन गरिएको छ।

प्रस्तुत आधारमा हेर्दा मगर ढुट भाषाको विद्यालयदेखि उच्च शिक्षामा पठनपाठन भइरहेको देखिन्छ। विद्यालय शिक्षातर्फ प्राथमिक तहमा मगर ढुट भाषा विषय र माध्यमका रूपमा प्रयोग हुँदै आएको छ। यस भाषामा पाठ्यक्रम विकास केन्द्रबाट माध्यमिक तहसम्मको मगर भाषा विषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार भई विद्यालयमा पठनपाठन भइरहेको छ। त्यसैगरी उच्च शिक्षातर्फ खुला विश्वविद्यालयमा वि.सं.२०८२ मा मगर अध्ययनअन्तर्गत मगर भाषा र साहित्य विषयको पनि पठनपाठन हुन थालेको छ भने काठमाडौँ विश्वविद्यालयमा उत्तर स्नातक तहमा मगर ढुट भाषाको पठनपाठन हुने क्रममा रहेको छ। गण्डकी प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मगर ढुट भाषाको प्रयोग हुने कुरा भाषा आयोगको भाषासम्बन्धी सिफारिस तथा गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ मा सुनिश्चित भएको पाइन्छ। यसरी गण्डकी प्रदेशका विभिन्न स्थानीय तहहरूमा समेत मगर ढुट भाषा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग हुने देखिएको छ। त्यसै गरी नेपाल टेलिभिजन र गोरखापत्रमा मगर ढुट भाषामा समाचार र कार्यक्रम प्रसारण भइआएको छ।

मगर खाम भाषाको पठनपाठन भने विद्यालय शिक्षामा सीमित भएको देखिन्छ। पाठ्यक्रम विकास केन्द्रबाट यस भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक तयार भई प्रकाशित भएको छ भने केही विद्यालयहरूमा मगर खाम भाषा विषयको पठनपाठन भइरहेको पाइन्छ। उच्च शिक्षामा मगर खाम भाषासम्बन्धी विभिन्न अध्ययन अनुसन्धान भएको पाइए तापनि औपचारिक रूपमा पठनपाठन भएको पाइँदैन। तर सरकारी कामकाजमा आंशिक भाषाका रूपमा मगर खाम भाषाको प्रयोग भएको प्रस्ट छ। गोरखापत्र र रेडियो नेपालजस्ता सार्वजनिक प्रसारण संस्थाहरूबाट मगर खाम भाषामा समाचार र कार्यक्रमहरू प्रसारण हुँदै आएको छ। तर सरकारी कामकाजमा मगर काइके भाषाको आंशिक प्रयोग हुन सम्भावना असाध्यै न्यून देखिन्छ। यस भाषाको प्रयोग समुदायको दैनिक जीवन पद्धति, संस्कार र संस्कृतिमा हुन्छ। यसका साथै सामाजिक सञ्जाल अन्तर्गत युट्युब, मोबाइललगायत प्रविधिजन्य माध्यमबाट हुने गरेको छ।

## सरकारी कामकाजको भाषामा प्रयोग सम्भाव्यता

भाषा आयोगको सिफारिसअनुसार कुनै पनि भाषा सरकारी कामकाजमा पूर्ण प्रयोगका लागि राज्यको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको संरचनामा प्रयोग र यसैको माध्यमबाट सेवा प्रवाह गर्नुलाई मानिन्छ जसमा व्यवस्थापिकातर्फ जनप्रतिनिधिहरूबाट शपथ लिने कार्यदेखि संसदको बैठकमा बोलिने र लेखिने माध्यम

सम्बन्धित मातृभाषा रहने गर्दछ। साथै संसदका निर्णयका अभिलेखहरू, कानुनी मस्यौदा र अन्य दस्तावेजहरू सरकारी कामकाजको भाषामा समेत अभिलेखीकरण गरिन्छ । त्यसैगरी कार्यपालिकाको बैठकको माध्यम, निर्णय र अभिलेख सबै सरकारी कामकाजको भाषामा राख्नु अनिवार्य छ। यसका अतिरिक्त तीनै तहका सरकार हरूबाट सेवा प्रवाह गर्दा समेत सरकारी कामकाजको भाषा प्रयोग गरिन्छ । जस्तो वडामा सिफारिस लिन र नागरिकता बनाउन जाँदा सरकारी कामकाजको भाषाको माध्यमबाट निवेदन पेस गर्न सकिन्छ भने सेवाग्राहीलाई उनकै भाषामा अनुवाद गरेर सहजीकरण गरिन्छ । जस्तो काठमाडौँ महानगरपालिकाको कुनै वडामा सिफारिसका लागि नेपालभाषामा निवेदन दिने र सोही भाषाको माध्यमबाट सेवा प्रवाह भएमा उक्त भाषा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग भएको ठहरिन्छ। त्यसै गरी न्यायिक क्षेत्रमा न्यायिक समितिदेखि सर्वोच्च अदालतमा सुनुवाई र फैसला कुनै मातृभाषाको माध्यमबाट गरेर लिखित अभिलेख राखिएमा उक्त भाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन हुन जान्छ । सरकारी कामकाजको भाषाको कार्यान्वयनको आयामलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २**

*सरकारी कामकाजको भाषाको प्रयोग क्षेत्र*

| क्र.सं. | व्यवस्थापिका | कार्यपालिका | न्यायपालिका |
|---|---|---|---|
| १. | शपथ | निवेदन, परिपत्र, सूचना, | रिट |
| २. | विधेयक | निर्णय, अभिलेख | सुनुवाइ |
| ३. | संसदको माध्यम भाषा | कार्यपालिकाको माध्यम भाषा | फैसला |
| ४. | अनुवादक | शिक्षा | अभिलेखन |
| ५. | अभिलेखन | सञ्चार | अनुवादक |
| ६. | परिपत्र | अनुवादक | परिपत्र |

**गण्डकी प्रदेशमा मगर भाषाको सरकारी कामकाजमा प्रयोग सम्भाव्यता**

नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार गण्डकी प्रदेशमा बोलिने कुल भाषा सङ्ख्या ७५ वटा रहेको देखिन्छ जसमा भाषा आयोगबाट सरकारी कामकाजको भाषाका रूपमा सिफारिस भई गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ का अनुसार प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्तभाषाहरू मगर भाषा र गुरुङ भाषा रहेका छन् । मगर ढुट भाषा यस प्रदेशमा ९.६० प्रतिशत सहित दोस्रो र गुरुङ भाषा ८.४४ प्रतिशत सहित तेस्रो स्थानमा परेको देखिन्छ। साथै यस प्रदेशमा १ प्रतिशत सम्म भाषिक वक्ता भएको भाषाहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३**

*गण्डकी प्रदेशमा बोलिने १ प्रतिशत भन्दा बढी वक्ता भएका भाषाहरू*

| क्र.सं. | मातृभाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १८१०००३ | ७३.३९ |
| २ | मगर ढुट | २३६७२९ | ९.६० |

| क्र.सं. | मातृभाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| ३ | गुरुङ | २०८०८८ | ८.४४ |
| ४ | थारू | ४२७९५ | १.७४ |
| ५ | नेपाल भाषा (नेवारी) | ३७८०१ | १.५३ |
| ६ | तामाङ | ३३४७१ | १.३६ |

*नोट.* राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

***अल्पसङ्ख्यक भाषाको सरकारी कामकाजमा प्रयोग सम्भाव्यता***

नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार गण्डकी प्रदेशमा बोलिने रैथाने भाषाका अतिरिक्त अल्पसङ्ख्यक भाषाहरू कुल ३० वटा रहेका छन् जसमा अदै र कायत भाषा जनगणनाको प्रतिवेदनमा समावेश भएको पाइँदैन तथापि गण्डकी प्रदेश भाषा ऐन, २०८२ को अनूसूचीमा सूचीकृत गरिएको पाइन्छ जुन तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ४**

*गण्डकी प्रदेशमा बोलिने रैथाने भाषाहरू*

| अनुसूची–१ (दफा ८ को उपदफा (३) सँग सम्बन्धित) गण्डकी प्रदेश मूल थलो भएका मातृभाषाहरूको सूची | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **भाषाहरू** | **जनसङ्ख्या** | **वक्ता सङ्ख्या** | **भाषिक बफादारिता** | **भाषिक अपसरण** |
| १ | मगर ढुट | २०१३४९८ | ८१०३१५ | | |
| २ | गुरुङ (तमू क्युई) | ५४३७९० | ३२८०७४ | ६०.३३ | (३९.६७) |
| ३ | थारु | १८०७१२४ | १७१४०९१ | ९४.८५ | (५.१५) |
| ४ | नेवार | १३४१३६३ | ८६३३८० | ६४.३७ | (३५.६३) |
| ५ | थकाली | ११७४१ | | – | |
| ६ | ल्होवा/ल्होपा | १३९० | ६२४ | ४४.८९ | (५५.११) |
| ७ | मुसलमान | १४१८६७७ | १६२५२ | १.१५ | (९८.८५) |
| ८ | बारगुङ्वा | | १५३६ | | |
| ९ | तामाङ | १६३९८६६ | १४२३०७५ | ८६.७८ | (१३.२२) |
| १० | भोजपुरी | | १८२०७९५ | | |
| ११ | मगर खाम | | ९१७५३ | | |
| १२ | दुरा | ५५८१ | १९९१ | ३५.६७ | (६४.३३) |
| १३ | बराम | ७८५९ | १५३९ | १९.५८ | (८०.४२) |
| १४ | माझी | १११३५२ | ३२९१७ | २९.५६ | (७०.४४) |
| १५ | उत्तरी गोर्खा गुरुङ घले | ३५४३४ | | | |

| क्र.सं. | भाषाहरू | जनसङ्ख्या | वक्ता सङ्ख्या | भाषिक बफादारिता | भाषिक अपसरण |
|---|---|---|---|---|---|
| १६ | गुरुङ/घले | | | – | |
| १७ | नार–फु | | ४२८ | | |
| १८ | कुमाल | १२९७०२ | १८४३५ | १४.२१ | (८५.७९) |
| १९ | दरई | १८६९५ | १२८९५ | ६८.९८ | (३१.०२) |
| २० | कुसुण्डा | २५३ | २३ | ९.०९ | (९०.९१) |
| २१ | मुसहर | २६४९७४ | | – | |
| २२ | चुमनुब्री | ४४१४ | ४२८४ | ९७.०५ | (२.९५) |
| २३ | चेपाङ | ८४३६४ | ५८३९२ | ६९.२१ | (३०.७९) |
| २४ | छन्त्याल | ११९६३ | ४२८२ | ३५.७९ | (६४.२१) |
| २५ | भुजेल | १२०२४५ | १३०८६ | १०.८८ | (८९.१२) |
| २६ | बोटे | ११२५८ | ७६८७ | ६८.२८ | (३१.७२) |
| २७ | मुस्ताङे गुरुङ | | | – | (१००.००) |
| २८ | मगर काईके | | १२२५ | | |
| २९ | अदैं | | | – | |
| ३० | कायत, आदि। | | | – | |

*नोट.* राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय) र गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२

**जिल्ला र स्थानीय तहगत मगर ढुट भाषाको अवस्था**

गण्डकी प्रदेशका ११ जिल्लाहरूमा मगर ढुट र मगर खाम भाषाको स्थिति पहिलो, दोस्रो र तेस्रो स्थानको शीर्ष क्रमको आधारमा हेर्दा मनाङ र मुस्ताङ जिल्लामा शून्य देखिन्छ। मगर ढुट भाषाको जिल्लागत स्थानीय तहतर्फ गोरखा जिल्लाको ४ स्थानीय तहमा तेस्रो स्थानभित्र परेको देखिन्छ। साथै मगर ढुट भाषा म्याग्दी जिल्लाका ४ स्थानीय तह, कास्की जिल्लाको ३ स्थानीय तह, तनहुँ जिल्लाका ८ स्थानीय तहहरूमा तेस्रो स्थानभित्र रहेको पाइन्छ। मगर ढुट भाषा तेस्रो स्थानभित्र पर्ने जिल्ला र स्थानीय तहहरूमा नवलपरासी बर्दघाट सुस्तापूर्वमा ७ स्थानीय तह, स्याङ्जामा ९ स्थानीय तह, पर्वतमा ६ स्थानीय तह र बाग्लुङमा ११ स्थानीय तह पर्दछन्। यसरी स्थानीय तहमा तेस्रो स्थानभित्र पर्ने भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लिने हो भने कुल गण्डकी प्रदेशका ५२ स्थानीय तहमा लागू गर्न सकिने देखिन्छ। तर स्मरणीय कुरा के छ भने कतिपय स्थानीय तहमा मगर ढुट भाषा बोल्ने वक्ताको सङ्ख्या १०० देखि २०० को हाराहारीमा मात्र छन् जुन त्यस स्थानीय तहको अल्पसङ्ख्यक भाषाका रूपमा गणना गर्नुपर्ने हुन्छ। त्यहाँ सरकारी कामकाजको भाषाका रूपमा भन्दा पनि अल्पसङ्ख्यक भाषाका रूपमा संरक्षण र विकास गर्नमा जोड दिनुपर्ने देखिन्छ। यस प्रदेशमा मगर ढुट र मगर खाम भाषाको सरकारी कामकाजसम्बन्धी प्रयोग सम्भाव्यता भएका स्थानीय तहअन्तर्गतका वक्ता र प्रतिशतलाई अनुसूची–१ विस्तृतीकरणसहित प्रस्तुत गरिएको छ।

गण्डकी प्रदेशमा मगर खाम भाषाको अवस्था नियाल्दा मुस्ताङ जिल्लाको एक वटा स्थानीय तहमा तेस्रो स्थानभित्र परेको पाइयो। म्याग्दी जिल्लाको एक स्थानीय तह, पर्वत जिल्लाको एक स्थानीय तह र बाग्लुङ

जिल्लाको २ स्थानीय तह गरी कुल ५ स्थानीय तहहरूमा तेस्रो स्थानभित्र परेको देखिन्छ। तर मगर काइके भाषाको सन्दर्भमा नेपालको राष्ट्रिय जनगणना, २०७८ का अनुसार नेपालका विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहमा देहायअनुसारको भाषिक तथ्याङ्क रहेको पाइन्छः

**तालिका ५**

*मगर काइके भाषाको वक्ताको स्थिति*

| देश, प्रदेश र स्थानीय | भाषा | वक्ता सङ्ख्या |
|---|---|---|
| नेपाल | मगर काइके | १२२५ |
| कोशी | मगर काइके | ५९ |
| इलाम | मगर काइके | १९ |
| फक्फोकथुम गाउँपालिका | मगर काइके | १७ |
| सुनसरी | मगर काइके | ११ |
| धरानउप महानगरपालिका | मगर काइके | ११ |
| उदयपुर | मगर काइके | १० |
| बागमती | मगर काइके | ४१ |
| काठमाडौँ | मगर काइके | १८ |
| काठमाडौँ महानगरपालिका | मगर काइके | १२ |
| ललितपुर | मगर काइके | १४ |
| ललितपुर महानगरपालिका | मगर काइके | १२ |
| लुम्बिनी | मगर काइके | ३३ |
| रूपन्देही | मगर काइके | २८ |
| सैनामैना नगरपालिका | मगर काइके | १७ |
| कर्णाली | मगर काइके | ९५८ |
| डोल्पा | मगर काइके | ८४६ |
| ठूलीभेरी नगरपालिका | मगर काइके | १२६ |
| कैके गाउँपालिका | मगर काइके | ७१६ |
| जुम्ला | मगर काइके | ११० |
| पतारासी गाउँपालिका | मगर काइके | ११० |
| सुदूरपश्चिम | | |
| मगर काइके | १२९ | |
| बैतडी | मगर काइके | ३१ |

| देश, प्रदेश र स्थानीय | भाषा | वक्ता सङ्ख्या |
|---|---|---|
| डोटी | मगर काइके | ४३ |
| बादी केदार गाउँपालिका | मगर काइके | १५ |
| जोरयाल गाउँपालिका | मगर काइके | २७ |
| देश, प्रदेश र स्थानीय | भाषा | वक्ता सङ्ख्या |
| कैलाली | मगर काइके | १९ |
| गोदावरी नगरपालिका | मगर काइके | १३ |
| कञ्चनपुर | | |
| मगर काइके | ३२ | |
| भीमदत्त नगरपालिका | मगर काइके | १५ |

*नोट.* राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

प्रस्तुत तालिकाअनुसार आधारमा मगर काइके भाषा कर्णाली प्रदेशको डोल्पा जिल्लाको कैके गाउँपालिकामा केन्द्रित देखिन्छ जसअनुसार नेपालमा काइके भाषा बोल्ने कुल वक्ता सङ्ख्या १२२५ देखिन्छ जसमध्ये कर्णाली प्रदेशमा यस भाषाको वक्ता ९५८ जना रहेको पाइएको छ। त्यसमा पनि डोल्पा जिल्लाको कुल वक्ता सङ्ख्या ८४६ मध्ये यसै जिल्लाको कैकै गाउँपालिकामा ७१६ जना देखिएकोहुँदा यस पालिकामा सरकारी कामकाजको भाषाअन्तर्गत शिक्षा, सञ्चारलगायत सेवा प्रवाहको माध्यमको भाषामा प्रयोग गर्न सकिने सम्भावना रहेको छ।

**समस्या र चुनौतीहरू**

सरकारी कामकाजमा मगर भाषाको प्रयोगको सन्दर्भमा मगर भाषाको स्तरगत, संरचनात्मक, प्राप्ति र प्रतिष्ठा योजनाको आधारमा केही विकासात्मक कार्यहरू भएको देखिन्छ जसका आधारमा यस भाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने ठोस आधारहरू छन् । यसै आधारमा भाषा आयोगबाट सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सिफारिस गरिएको हो तथापि मगर भाषाको सरकारी कामकाजमा प्रयोग कार्य समस्या र चुनौतीमुक्त देखिँदैन। यस भाषाको सरकारी कामकाजको भाषासापेक्ष देहायका समस्या र चुनौती पहिचान गरिएका छन् :

क) मगर भाषाको न्यून पुस्तान्तरण र अपसरण उच्च रहेकाले भाषाको जीवन्ततामाथि सङ्कट उत्पन्न भएको छ। तेस्रो पुस्तामा मगर भाषा बोलिने सङ्ख्या शून्यतातिर झर्दै गएको सहजै अनुमान गर्न सकिन्छ।

ख) मगर भाषाका तीनवटा क्षेत्रीय भेदहरू छन् जसमा कुन चाहिँ सरकारी कामकाजमा लागू गर्ने भन्ने विश्लेषण गर्दा भाषा आयोगबाट मगर ढुट भाषालाई सिफारिस गरेको थियो तर प्रदेश भाषा ऐनमा मगर भाषा मात्र उल्लेख भएको हुँदा मगर समुदायले यसलाई किटानी गरेर प्रदेशमा लागू गर्न बाँकी छ भने मगर खाम र काइके भाषालाई प्रदेश वा स्थानीय तहमा सरकारी कामकाजमा कसरी लागू गर्ने भन्ने विषय टुङ्ग्याउनुपर्ने देखिन्छ।

ग) मगर भाषाको लेखनका लागि प्रचलनमा रहेका देवनागरी लिपि र अख्खा लिपिमध्ये एकल लिपि वा बहुलिपि कुनलाई अवलम्बन गरेर जाने भन्ने विषयलाई मगर समुदाय, प्रदेश र स्थानीय तहमा प्राथमिकता तोकेर एउटा टुङ्गोमा नपुगी नहुने देखिन्छ।

घ) सरकारी कामकाजमा प्रयोग विस्तारका लागि मगर भाषाको स्तरीकरण गर्दै क्रमशः आधिकारिकता, एकरूपता र मानक स्वरूपको निर्धारण गर्नुपर्नेमा यससम्बन्धी ठोस र एकीकृत कार्यको निम्ति आधार वा मापदण्ड तयार भइसकेको देखिँदैन।

ङ) सरकारी कामकाजको भाषामा प्रयोगका कार्यान्वयन गर्न यस भाषाको लेखनका लागि युनिकोडीकरण गर्नुका साथै अन्तर्भाषिक अनुवाद (मेसिन ट्रान्सलेसन) का निम्ति गुगल अनुवाद पद्धतिको विकास गर्नुपर्नेमा सोतर्फ पूर्वतयारी भएको देखिँदैन।

### भावी कार्यदिशा

बागमती प्रदेशमा तामाङ भाषा र नेपालभाषाको सरकारी कामकाजमा कार्यान्वयनपछि गण्डकी प्रदेशमा पनि मगर र गुरुङ भाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन हुने क्रममा छ । यस प्रदेशको भाषा ऐनमा बागमती प्रदेशको भन्दा केही थप प्रावधानहरू छन् जसले गर्दा बागमती प्रदेशको भाषिक सङ्घीयताको कार्यान्वयनको अनुभवसहित प्रदेशको मौलिक चरित्रबमोजिम पहल र प्रयास गरी ठोस रूपमा कार्यान्वयन गर्दै उपलब्धि हासिल गर्ने दिशामा अग्रसारित हुनुपर्ने देखिन्छ । यसका लागि देहायका कार्यदिशा अपनाउन सकिन्छः

क) गण्डकी प्रदेश सरकारबाट सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि एउटा कार्यकारी कार्यदल बनाउनु पर्दछ । प्रदेश सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यान्वयन संयन्त्र बनाई प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि आवश्यक कानुनी प्रबन्ध जस्तो नियमावली र कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधि तयार पारेर लागू गरिनु पर्दछ।

ख) प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि प्रदेश सरकारका सम्बन्धित मन्त्रालय जस्तो सामाजिक विकास मन्त्रालय, प्रदेश सभा र आन्तरिक र कानुन मन्त्रालयहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयनसम्बन्धी डेस्क खडा गरी सेवा प्रवाह गरिनुपर्दछ।

ग) प्रदेश सरकार, सामाजिक विकास तथा युवा र खेलकुद मन्त्रालयमा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि निर्धारित कार्यक्रमलाई विनियोजित बजेटको सीमामा रहेर कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले जातीय र भाषिक सङ्घ संस्थासँग समन्वय र सहकार्यका साथ कार्यक्रम सञ्चालन गर्ने मोडल उपयुक्त हुन सक्दछ भने जातीय र भाषिक संस्थाका पदाधिकारी एवम् सरोकारवालाहरूको सक्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्नु उचित हुन्छ।

घ) मगर भाषालाई सरकारी कामकाजमा कार्यान्वयन गर्नका लागि मगर भाषाको क्षेत्रीय भेदहरूको निर्धारण गरेर लिपिसम्बन्धी विषयको सम्बोधनसहित प्रदेश र स्थानीय तहमा मगर भाषाका विभिन्न क्षेत्रीय भेदहरूलाई सम्मान र यथोचित स्थान दिने नीति अपनाउनु आवश्यक छ।

ङ) सरकारी कामकाजको भाषामा प्रयोगसँगै मगर भाषाको प्रविधिकरणअन्तर्गत यस भाषाको मेसिन अनुवाद वा गुगल ट्रान्सलेसन पद्धतिको विकास गरिनु पर्दछ।

### निष्कर्ष

नेपालमा सङ्घीयता कार्यान्वयनसँगै भाषिक सङ्घीय व्यवस्थासम्बन्धी कार्यान्वयनको सुन्दरतम पक्ष भनेको प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयन पनि हो। गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ पारित भई कार्यान्वयनको क्रममा छ जसबाट मगर भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनको लागि ढोका खुला गरेको छ। तर यस प्रदेशमा

नेपालीबाहेक मगर र गुरुङ भाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्ने प्रस्ट मार्गचित्र वा आधारहरू भने अद्यापि तयार भएको देखिँदैन । त्यसैले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले नेपाल मगर सङ्घसहित अन्य भाषिक सङ्घसंस्थाहरूको समन्वय र सहकार्यमा संवाद र अन्तरक्रिया गरेर निश्चित आधार, स्वरूप र दिशा तयका साथ यस ऐतिहासिक कदमलाई गन्तव्यसम्म पुऱ्याउनु जरुरी छ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज. (२०७४). *प्रयोगात्मक नेपली शब्दकोष*. विद्यार्थी प्रकाशन प्रा.लि.।

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय. (२०८०). *गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०*. गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय।

नेपाल कानुन आयोग. (२०७२). *नेपालको संविधान, २०७२*. नेपाल कानुन आयोग।

भाषा आयोग. (२०७८). *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस*. भाषा आयोग।

भाषा आयोग. (२०८०). *सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिस*. भाषा आयोग।

योञ्जन तामाङ, अमृत. (२०८०). *नेपालका भाषाहरू (भाषा परिचयकोश सहित)*. म्हेन्दो ट्रस्ट।

राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०७८). *राष्ट्रिय जनगणना, २०७८*. राष्ट्रिय तथ्याङ्क कार्यालय।

लोप्चन, लोक बहादुर. (२०८२). *सरकारी कामकाजको भाषा तथा मातृभाषामा शिक्षा*. बहुभाषिक शिक्षा तथा सञ्चार प्रा.लि.।

विष्ट, डोर बहादुर. (२०१५). *पिपल अफ नेपाल*. रत्न पुतक भण्डार।

शर्मा, जनकलाल. (२०४५). *हाम्रो समाज एक अध्ययन*. मञ्जरी पब्लिकेसन।